# साझेदारीमा लागू औषध प्रयोगकर्ताहरूको उपचार तथा पुन:स्थापन केन्द्र सञ्चालन सम्बन्धि कार्यविधि, २०७५

लागू औषध प्रयोगकर्ताहरुको उपचार तथा पुन:स्थापन सेवालाई गुणस्तरीय, भरपर्दो, एवं विश्वसनीय बनाउन नेपाल सरकारद्वारा निर्मित वा उपलव्ध गराइएको भौतिक संरचनाको प्रयोग गरी साझेदारीमा लागू औषध प्रयोगकर्ताको उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्न यस कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम“ साझेदारीमा लागू औषध प्रयोगकर्ताहरूको उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन कार्यविधि, २०७५“ रहेको छ ।

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ ।

२. **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) ‘कार्यविधि’ भन्नाले साझेदारीमा लागु औषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनःस्थापन केन्द्र सञ्चालन कार्यविधि, २०७५ लाई जनाउँछ ।

(ख) ‘उपचार तथा पुनःस्थापन केन्द्र’ भन्नाले लागु औषध तथा मदिरा प्रयोगकर्ताहरूको स्वास्थ्यमा थप जोखिम आउन नदिन, लागू औषध तथा मादक पदार्थको दुर्व्यसनबाट छुटकारा दिलाउन, उनीहरूलाई आवश्यक उपचार, ज्ञान, सीप, परामर्श उपलव्ध गराई पुनस्थापनको अनुकूल वातावरण बनाउने उद्देश्यले नेपाल सरकारद्वारा निर्मित वा उपलव्ध भौतिक संरचनामा अन्य निकाय वा संघ/संस्थाको साझेदारीमा सञ्चालित उपचार तथा पुनःस्थापन केन्द्रलाई जनाउदछ

(ग) ‘राष्ट्रिय नीति’ भन्नाले लागु औषध सम्बन्धी प्रचलित राष्ट्रिय नीतिलाई जनाउँदछ ।

(घ) ‘रणनीति’ भन्नाले लागु औषध नियन्त्रणसम्बन्धी प्रचलित राष्ट्रिय रणनीतिलाई जनाउदछ

(ङ.) “मन्त्रालय” भन्नाले गृह मन्त्रालयलाई जनाउदछ ।

(च) “लागू औषध” भन्नाले गाँजा, चरेस, अफिम, तैयारी अफिम, औषधोपयोगी अफिम, कोकाको झार र पात अफिम तथा कोकाको सारतत्व, मिश्रण वा लवण समेत मिसाई तयार गरिने कुनै पदार्थ वा लागू औषध नियन्त्रण ऐन २०३३ को दफा ३ को उपदफा क(७) बमोजिम नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्दिपक पदार्थ (साइकोट्रपिक सब्स्टान्स्) र तिनको लवण समेत सम्झनुपर्छ ।

(छ) “मदिरा” भन्नाले अन्न, फलफूल वा अन्य कुनै वस्तुलाई जीव रासयनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनुपर्छ र सो शव्दले रक्सी, जाँड, छ्याङ, तोङवा, ह्विस्की, रम, जीन, ब्राण्डी भोड्का, वियर, वाइन, सेरी, सेम्पेन, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टीफाइड स्प्रिट, साइलेण्ट स्प्रिट, दिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ज) “ऐन” भन्नाले लागू औषध (नियन्त्रण) ऐन, २०३३ लाई जनाउँदछ ।

(झ) “चिकित्सक” भन्नाले नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त मनोचिकित्सकलाई जनाउदछ ।

(ञ) “परामर्शदाता” भन्नाले कम्तिमा १२ कक्षा उत्तिर्ण गरी लागू औषध नियन्त्रण सम्बन्धी परामर्श विषयमा कम्तिमा ७ दिनको तालिम प्राप्त गरेको परामर्शदातालाई जनाउदछ ।

(ट) “गैरसरकारी संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्ने संस्थालाई जनाउदछ

(ठ) “कर्मचारी” भन्नाले उपचार तथा पुनस्थापन केन्द्रमा कार्यरत कर्मचारीलाई जनाउदछ ।

(ड) “जिल्ला प्रशासन कार्यालय” भन्नाले उपचार तथा पुनस्थापन केन्द्र रहेको जिल्ला स्थित जिल्ला प्रशासन कार्यालयलाई जनाउदछ ।

(ढ) “प्रमुख जिल्ला अधिकारी” भन्नाले उपचार तथा पुनस्थापन केन्द्र रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई जनाउदछ ।

३. **उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन प्रक्रिया :**

नेपाल सरकारद्वारा निर्मित वा उपलव्ध गराइने भौतिक संरचनामा साझेदारीमा सञ्चालन गरिने उपचार तथा पुनस्थापन केन्द्र देहाय बमोजिम सञ्चालन गरिनेछ

(क) उपचार तथा पुनस्थापना केन्द्रको जग्गा र भवन नेपाल सरकारद्वारा व्यवस्था गरिनेछ ।

(ख) उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्न छनौट भएको निकाय/संस्थाले उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्नेछ ।

(ग) उपचार तथा पुनस्थापन केन्द्रमा राखी उपचार तथा परामर्श सेवा उपलव्ध गराउने सम्बन्धमा समम्बन्धित चिकित्सकको सिफारिस भएको लागू औषध प्रयोगकर्तालाई मात्र उपचार तथा पुनस्थापन केन्द्रमा भर्ना गरिनेछ ।

(घ) उपचार तथा पुनस्थापन केन्द्रको सिट क्षमताको कम्तिमा २५ प्रतिशत लागू औषध प्रयोगकर्तालाई सिफारिस समितिबाट सिफारिस गरिएका लागू औषध प्रयोगकर्तालाई उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्ने संस्थाले निशुल्करूपमा उपचार तथा परामर्शको सेवा उपलव्ध गराउनु पर्नेछ ।

४. **सेवा शुल्क सम्बन्धी व्यवस्था :** सिफारिस समितिबाट सिफारिस गरिएका लागू औषध प्रयोगकर्ता

बाहेकका लागू औषध प्रयोगकर्तासंग सेवाशुल्क लिई उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्ने संस्थाले भर्ना गर्नेछ । उपचार तथा पुनस्थापन केन्द्रले जिल्ला समन्वय तथा अनुगमन समितिको सिफारिसमा मन्त्रालयले तोकिदिएको अधिकतम सेवा शुल्कको सीमामा नबढ्ने गरी मनासिब माफिकको शुल्क लिई उपचार तथा परामर्श सेवा उपलव्ध गराउनेछ ।

५. **संस्था छनौट उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन सम्बन्धि प्रक्रिया :**

क) लागू औषध प्रयोगकर्ताहरूको उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्न इच्छुक निकाय वा लागू औषध प्रयोगकर्ताहरूको उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका इच्छुक संघ/संस्थाहरूलाई २१ दिनको म्याद दिई उपचार तथा पुनःस्थापन केन्द्र सञ्चालनको लागि प्रस्ताव पेश गर्न सार्वजनिक सूचना प्रकासित गरिनेछ ।

ख) यस सम्बन्धी प्रस्ताव मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयमा दिन सकिनेछ ।

ग) प्राप्त हुन आएका प्रस्तावहरू उपर जिल्ला समन्वय तथा अनुगमन समितिले यस कार्यविधिको दफा ६ मा उल्लिखित आधार, निकाय वा संस्थाको कार्यक्षेत्र, विश्वसनीयता र कार्यसञ्चालनको दिगोपना समेतको अध्ययन, विश्लेषण तथा मूल्यांकन गरी स्वीकृतिको लागि शिफारिस सहित मन्त्रालयमा पेश गर्नेछ ।

घ) जिल्ला प्रशासन कार्यालय मार्फत समितिबाट पेश भएको सिफारिस उपर छानवीन गरी मन्त्रालयले निकाय/संस्था छनौट गरी संझौता तथा कार्यदिशको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनेछ ।

ङ) मन्त्रालयबाट छनौट भइ आएको निकाय/संस्थासंग जिल्ला प्रशासन कार्यालयले संझौता गरी उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्न अनुमति दिनेछ ।

च) उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्न स्वीकृति पाएको मितिले ३५ दिन भित्र उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गरी सो को जानकारी मन्त्रालय र जिल्ला प्रशासन कार्यालयलाई दिनु पर्नेछ ।

६. **संस्था छनौटका मुख्य आधारहरू :**

क) संस्थाको हकमा संस्था दर्ता, मन्त्रालयमा आवद्दता, नविकरण, करचुक्ता प्रमाणपत्र, तथा अनुभव सम्बन्धि कागजात,

ख) उपचार तथा पुनस्थापन केन्द्रमा चिकित्सक/नर्स/अहेवको सेबा उपलव्धता,

ग) उपचार पद्दति तथा विधि,

घ) विज्ञ परामर्शदाताको सेवा उपलव्धता,

ङ) शुल्कको अधिकतम सीमा,

च) सुरक्षा प्रबन्ध,

छ) जनशक्ति उपलव्धता तथा व्यवस्थापन,

ज) आफन्तसंग भेटघाट तथा सञ्चार सम्पर्क,

झ) कार्यालय व्यवस्थापन,

ञ) उपचारका वैकल्पिक विधि प्रयोग,

ट) भौतिक संरचनाको प्रयोग तथा मर्मतसंभार,

ठ) उपचार तथा परामर्शको पाठ्यसामग्री तथा समयावधि,

ड) पुनस्थापनको लागि आयमूलक तालिम सम्बन्धि व्यवस्था,

ढ) खाना, खाजा तथा पिउने पानीको  व्यवस्था र

ण) खेलकुद तथा मनोरञ्जन सम्बन्धी व्यवस्था ।

७. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था** : उपचार तथा पुन:स्थापन केन्द्रको लापरबाहीका कारण उपचार तथा पुनस्थापन केन्द्रमा उपचाररत लागू औषध प्रयोगकर्ताहरूलाई कुनै शारीरिक तथा मानसिक क्षति पुग्न गएमा केन्द्रले प्रचलित कानून बमोजिम क्षतिपूर्ति उपलव्ध गराउनु पर्नेछ ।

८. **धरौटी सम्बन्धि व्यवस्था** : उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन गर्न स्वीकृति पाएको ७ दिन भित्र संस्थाले नेपाल सरकारबाट तोकिएको धरौटी खातामा रू एक लाख धरौटी रकम एकमुष्ठ जम्मा गर्नु पर्नेछ । संझौताको म्याद समाप्त भएमा वा संझौता भंग भएमा  प्राविधिकबाट निरीक्षण मुल्यांकन हुँदा भौतिक संरचनामा भएको देखिएको क्षति वा टुटफुटको मुल्यांकनबाट आएको अंक घटाई ३५ दिन भित्र बाँकी रकम सम्बन्धित निकाय/संस्थालाई फिर्ता गरिनेछ ।

९. **जिल्ला समन्वय तथा अनुगमन समिति:** साझेदारीमा सञ्चालित उपचार तथा पुन:स्थापन केन्द्रको छनौट, सहयोग, समन्वय तथा अनुगमन गर्न देहाय बमोजिम एक जिल्ला समन्वय तथा अनुगमन समिति रहनेछ :

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | संयोजक |
| ख) प्रमुख जिल्ला प्रहरी कार्यालय | सदस्य |
| ग) प्रमुख जिल्ला/स्थानीय सरकारी अस्पताल | सदस्य |
| घ) प्रमुख जिल्ला/स्थानीय महिला तथा वालवालिका कार्यालय | सदस्य |
| ङ) सम्बन्धित स्थानीय तहले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| च) संयोजकले तोकेको एक जना मनोचिकित्सक | सदस्य |
| छ) सहायक प्रमुख जिल्ला अधिकारी | सदस्य सचिव |

यस समितिले आवश्यकता अनुसार सम्बन्धित कुनै निकायको प्रतिनिधि वा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्ने सक्नेछ ।

१०. **अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था :** जिल्ला समन्वय तथा अनुगमन समितिबाट दुई महिनाको कम्तिमा एकपटक अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. निर्देशन तथा सुझाव कार्यान्वयन सम्बन्धी व्यवस्था : मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय तथा अनुगमन समितिले दिएको निर्देशन तथा सुझाव कार्यान्वयन गर्नु संस्थाको कर्तव्य हुनेछ ।

१२. **जिल्ला प्रशासन कार्यालयको भूमिका :** जिल्ला प्रशासन कार्यालयको भूमिका देहाय बमोजिम रहनेछ ।

क) जिल्ला समन्वय तथा अनुगमन समितिबाट उपचार तथा पुनःस्थापन केन्द्रको अनुगमन गर्न/गराउन सहयोग तथा समन्वय गर्ने ।

ख) यस निर्देशिका अनुरूप उपचार तथा पुनःस्थापन केन्द्र सञ्चालन भए/नभएको सम्बन्धमा मन्त्रालयमा राय सुझाव सहित प्रतिवेदन गर्ने ।

ग) यस निर्देशिका विपरित उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन भएको पाइएमा निर्देशिका बमोजिम केन्द्र सञ्चालन गर्न तत्काल निर्देशन दिने । सुधारको लागि मनासिब माफिकको समय दिंदा पनि निर्देशिका बिपरित कार्य भईरहेमा त्यस्ता संस्थाउपर कारबाही गरी नियमानुसार आवद्दता तथा संस्था दर्ता खारेज गर्ने ।

१३. **भौतिक संरचनाको रंगरोगन तथा मर्मत संभार**: नेपाल सरकारबाट उपलव्ध गराएको भवन लगायतको भौतिक संरचनाको १ वर्षमा एकपटक रंगरोगन तथा सामान्य मर्मत संभार संस्था स्वयंले गर्नु पर्नेछ । नेपाल सरकारको पूर्वस्वीकृति बेगर उपचार तथा पुनःस्थापन केन्द्रले आफुखुसी कुनै नया संरचना निर्माण गर्न वा भईरहेको संरचना विगार्न पाउने छै न।

१४. **जिल्ला प्रहरी कार्यालयको भूमिका** :

क) उपचार तथा पुनस्थापन केन्द्रमा आवश्यक सुरक्षा प्रवन्ध भए नभएको सम्बन्धमा अनुगमन गर्ने ।

ख) जिल्ला समन्वय तथा अनुगमन समितिको सिफारिसको आधारमा उपचार तथा पुनस्थापना केन्द्रमा आवश्यक सुरक्षा व्यवस्था मिलाउने ।

१५. **सम्बन्धित स्थानीय तहको भूमिका :**

क) उपचार तथा पुनःस्थापन केन्द्र सञ्चालनमा आवश्यक सहयोग गर्ने ।

ख) जिल्ला समन्वय तथा अनुगमन समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

१६. **उपचार तथा पुनस्थापन केन्द्र सञ्चालनको अवधि :** उपचार तथा पुनःस्थापन केन्द्र सञ्चालन गर्न छनौट भई स्वीकृति पाएको निकाय/संस्थासंग पहिलोपटक २ वर्षको संझौता हुनेछ ।निकाय/संस्थाको कार्यसम्पादनस्तरको मूल्यांकनको आधारमा संझौताको एक पटकमा एक बर्ष म्याद थप गर्न सकिनेछ ।

१७. **उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन सम्बन्धी अन्य व्यवस्था :** उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन सम्बन्धी अन्य व्यवस्था लागू औषध प्रयोगकर्ताहरूको उपचार तथा पुनस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

***